॥श्री॥

# सङ्खुवासभा जिल्ला अदालत

फोन नं. ०२९–५७०१९५, ५७०१९६
फ्याक्स ०२९–५७०३७६
Email: info.dcsankhuwasabha@supremecourt.gov.np
admin.dcsankhuwasabha@supremecourt.gov.np

चैनपुर

(प्रशासन शाखा)

पत्र संख्याः २०७६/०७७

१ नं. प्रदेश, नेपाल

चलानी नम्बरः

मिति २०७६/०५/०३

## समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको छनोट सम्बन्धी सूचना

उपर्युक्त सम्बन्धमा यस अदालतको बाल इजलासमा समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रूपमा काम गर्न इच्छुक देहायका योग्यता पुगेका बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १३ ले समाजसेवी र नियम १४ ले बाल मनोविज्ञ वा बाल विशेषज्ञको रूपमा ऐनको दफा ६२ बमोजिम सूचीकृत भएका नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस अदालतमा आवश्यक योग्यताका प्रमाणपत्रको प्रतिलिपि साथै राखी निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक योग्यता:-

- **समाजसेवीका लागिः** सम्बन्धित जिल्लामा बसोबास भै मान्यता प्राप्त विश्वविद्यालयबाट समाजिक कार्य, बालबिकास वा बाल अधिकारको बिषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बालअधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको र फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको। साथै यस सङ्खुवासभा जिल्ला हिमाली जिल्लाका रूपमा रहेको हुँदा यस जिल्लाको हकमा नियमावलीको नियम १३ को उपनियम (२) बमोजिम कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी बालअधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा १ (एक) महिनाको तालीम प्राप्त गरेका योग्य उम्मेदवार।
- **बाल मनोविज्ञ वा बाल विशेषज्ञको लागिः** सम्बन्धित जिल्लामा बसोबास भै मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालीम प्राप्त गरेको र फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको। साथै यस जिल्लाको हकमा नियमावलीको नियम १४ को उपनियम (२) बमोजिम कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी बालअधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तीमा २ (दुई) महिनाको तालीम प्राप्त गरेका योग्य उम्मेदवार।

२०७६/०५/०३

..........................
(डिल्लीराम प्रसाई)
स्रेस्तेदार

"छिटो छरितो मुस्कानसहितको न्याय"
"मेलमिलाप गरौं, बिबाद नबढाऔं"